# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मितिः २०७६/०४/२० गते

# प्रेस विज्ञप्ति

**श्री प्रधान सम्पादकज्यू/ सम्पादकज्यू,**

विषय :- घुस रकम सहित नियन्त्रणमा।

------------------------------------

जिल्ला भक्तपुर स्थित दिब्येश्वरी जग्गा अधिकरण आयोजनामा कार्यरत ना यव सुब्बा देउमान कडरियाले जग्गाको लालपुर्जा बनाईदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टङ्गालबाट खटिई गएको टोलीले निज नायव सुब्बा देउमान कडरियालाई सेवाग्राहीसँग रू.५०,०००।–(पचास हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा का म पा -३२ पेप्सीकोला स्थित दाजुभाई सेकुवाघरबाट उक्त रकम सहित रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

प्रदीपकुमार कोइराला

प्रवक्ता